आज मिति २०८२ साल माघ २९ गते विहिवार विहान ८:०० बजे रास्कोट नगरपालिकाका नगर प्रमुख श्री धर्मराज शाही ज्यूको अध्यक्षतामा तथा देहायका कार्यपालिका सदस्यको उपस्थितिमा बैठक नं. ५५ औं बसि निम्न निर्णय गरियो ।

**तपशिल:**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री महेन्द्रजङ्ग शाही | |

**प्रस्तावहरू:**

१. आर्थिक वर्ष २०८३/२०८४ का लागि कर्णाली प्रदेश सरकारमा प्रस्ताव गर्ने समपुरक अनुदान र विशेष अनुदान तथा ससर्त अनुदान आयोजना प्रस्ताव सम्वन्धमा ।

२. सडक बोर्डमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा ।

३.कार्यपालिका पदाधिकारी ज्यूहरुकको लागि LGPASS सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्वन्धमा ।

४. रास्कोट नगरपालिकाको आपतकालिन कार्य सञ्चालन केन्द्र कार्यविधी,२०८२ सम्बन्धमा ।

५. सूचना तथा अभिलेखिकरण केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०८२ सम्बन्धमा ।

६. करदाता सेवा आवद्धता सम्बन्धमा ।

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकार समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत आ.ब. २०८३/०८४ का लागि देहायका योजनाहरु प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**समपुरक अनुदान तर्फः**

| सि.न. | आयोजनाको नाम र ठेगाना | लागत रकम | क्षेत्र | अवधि | प्राथमिकता नं. |
|---|---|---|---|---|---|
| १. | ५ नं. वडा कार्यालय भवन, रास्कोट न.पा. ०५ | ९० लाख | प्रशासनिक भवन (वडा कार्यालय) | २ वर्ष क्रमागत (निरन्तरता) | १ |
| २. | रास्कोट नगरपालिकाको रिङरोड निर्माण (रा.न.पा. १ तामाकोट देखि वडा नं. ८ पाटेदिल हुदैं फुगाड खोलासम्म) | १ करोड ९२ लाख | सडक पूर्वाधार | १ वर्ष | २ |
| ३ | पञ्च आधारभूत विद्यालय भवन तथा संरचना निर्माण (कम्पाउण्डवाल,फिल्ड निर्माण, गेट सहित) वडा नं-७ | १ करोड ४० लाख | शैक्षिक पुर्वाधार | १ वर्ष | ३ |

**विशेष अनुदान तर्फः**

| सि.न. | आयोजनाको नाम र ठेगाना | लागत रकम | क्षेत्र | अवधि | प्राथमिकता नं. |
|---|---|---|---|---|---|
| १. | लक्षित वर्ग महिला आयआर्जन कार्यक्रम (व्यवसायिक वाख्रापालन) | ६० लाख | लक्षित वर्ग | १ | १ |
| २. | लक्षित वर्ग (दलित कुमाल समुदाय) आयआर्जन तथा जीविकोपार्जनउद्यमशीलता विकास, आधुनिक उपकरण प्रविधि हस्तान्तरण तथा बजार व्यवस्थापन कार्यक्रम | ५० लाख | लक्षित वर्ग | १ वर्ष | २ |
| ३ | शैक्षिक बिकासका लागी सेवाको गुणस्तर अभिवृद्धिः रास्कोट नगरपालिका अन्तर्गतका विद्यालयहरूमा फर्निचर खरिद तथा व्यवस्थापन कार्यक्रम (मंगलादेवी आधारभूत विद्यालय,बाखरकोट (रास्कोट- ८), लालिगुराँस आधारभुत विद्यालय,चुडिमुल (रास्कोट- २) र जनज्योति आधारभूत विद्यालय,तामाकोट(रास्कोट- १)) | ६० लाख | शैक्षिक पुर्वाधार | १ वर्ष | ३ |

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा सडक बोर्ड नेपाल र स्थानीय सरकार साझेदारीमा आ.व. २०८२/०८३ मा कार्यान्यवन हुने स्थानीय सडक मर्मत सम्भार कार्य अन्तर्गत देहायका योजनाहरु छनोट गरि कार्यान्यवनका लागि पेश गर्ने निर्णय गरियो ।

देहाय:

| क्र.स | योजनाको नाम | ठेगाना | लागत साझेदारी | | कुल लागत |
|---|---|---|---|---|---|
| | | | सडक बोर्ड | नगरपालिकाको | |
| १ | मेलामाडु देखि ठुलाचौर सम्म सडक स्तरोन्नती | वडा नं ५ | ८८०००० | ३७७००० | १२५७००० |
| २ | धामीचौर देखि कौडागाउँ सम्म सडक स्तरोन्नती | वडा नं १ | ४२०००० | १८०००० | ६००००० |

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढिकरण, वित्तीय अनुशासन, सार्वजनिक सेवा प्रवाहको मुल्यांकन गर्न नेपाल सरकारलेस्थानीय शासन कार्यसम्पादन मुल्यांकन कार्यविधि,२०८२ बमोजिम कार्यसम्पादन मुल्यांकनका लागि वेववेस अनलाईन प्रणाली (LGPASS) निर्माण गरेकाले यस पालिकाका सम्पुर्ण कार्यपालिकाका पदाधिकारीहरु ज्युहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि अवगत गराईयो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको भौगोलिक, भौगर्भिक, सामाजिक तथा आर्थिक र अव्यवस्थित वस्ती विकासजस्ता कारणले बढ्दै गएको विपद्को जोखिमलाई न्यूनीकरण गर्दै रास्कोट नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुन सक्ने विपद् बाट सर्वसाधारणको जीउज्यान तथा सार्वजनिक निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्दै आपत्कालीन समयमा नागरिकको तत्काल खोज तथा उद्धार गरी सहयोगको सुनिश्चितताका लागि रास्कोट नगरपालिकाको आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना गर्न आपतकालिन कार्य सञ्चालन केन्द्र कार्यविधी,२०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ रास्कोट नगरपालिकाको सूचना तथा अभिलेख प्रणालीलाई व्यवस्थित वनाई आर्थिक, सामाजिक, साँस्कृतिक, जनसाँख्यिक, प्रशासनिक तथा प्राकृतिक स्रोतसँग सम्बन्धित तथ्याङ्कहरुको उत्पादन, संकलन, प्रशोधन, संरक्षण र सम्प्रेषण तथा वितरण कार्यलाई व्यवस्थित गर्न सूचना तथा अभिलेखिकरण केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथी छलफल गर्दा आन्तरिक राजश्व कार्यालयको प.स. २०८२।०८३, च.न. १५८०, मिति २०८२।१०।२९ गतेको प्राप्त पत्रानुसार कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय निकायबाट प्रवाह हुने सेवा प्रवाहलाई देशव्यापी रुपमा विस्तार गर्ने आन्तरिक राजश्व विभागको नीति अनुरुप मिति २०८२।०८।२१ गते स्वीकृत कार्य सञ्चालन कार्यविधि (SOP) र समझदारी पत्र(MOU) तथा मिति २०८२।०९।२० गतेको कार्यक्षेत्रगत शर्तहरुको अधीनमा रही यस स्थानीय तहबाट करदाता सेवा प्रवाह सञ्चालनका लागि सिफारिस गर्ने निर्णय गरियो ।